प्रदेश सरकार
प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## (बैठक तथा प्रशासन महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७७/७८
च.नं. ४०३

मितिः२०७७/०५/१७

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तहहरु (सबै),
प्रदेश नं. ५ ।

**विषयः मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमको बजेट सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा, मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालनार्थ तँहा स्थानीय तहमा विशेष अनुदान मार्फत हस्तान्तरण गरेको रकम मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ तथा अन्य प्रचलित कानून अनुसार देहाय वमोजिम हुने गरी खर्च गर्नको लागि मिति २०७७/०५/१६ को निर्णयानुसार (माननीय मुख्यमन्त्रीस्तर) अनुरोध छ।

<u>देहायः</u>

| स्थानीय तह | जम्मा बजेट (रु.) | प्रशासनिक खर्च (रु.) | चालु कार्यक्रम खर्च (रु.) | पूँजीगत खर्च (रु.) |
|---|---|---|---|---|
| गाँउपालिका | ६०,००,०००/- (साठी लाख मात्र।) | २,५०,०००/- (दुई लाख पचास हजार मात्र।) | ३६,५०,०००/- (छत्तिस लाख पचास हजार मात्र।) | २१,००,०००/- (एक्काईस लाख मात्र।) |

प्रदेश सरकार
प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

## (बैठक तथा प्रशासन महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७७/७८
च.नं.

| | | | | |
|---|---|---|---|---|
| नगरपालिका | ७०,००,०००/- (सत्तरी लाख मात्र।) | ३,००,०००/- (तीन लाख मात्र।) | ४२,५०,०००/- (बयालिस लाख पचास हजार मात्र।) | २४,५०,०००/- (चौबीस लाख पचास हजार मात्र।) |
| उपमहानगरपालिका | ८०,००,०००/- (असी लाख मात्र।) | ३,५०,०००/- (तीन लाख पचास हजार मात्र।) | ४८,५०,०००/- (अड्चालिस लाख पचास हजार मात्र।) | २८,००,०००/- (अठ्ठाईस लाख मात्र।) |

- मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमको लागि छुट्याईएको रकममा सम्बन्धित पालिकाले सहकार्य गरी थप बजेट व्यवस्था गरेर कार्यक्रम सञ्चालन गर्न सक्नेछ।
- कार्यक्रम छनौट तथा कार्यान्वयन गर्दा मुख्यमन्त्री ग्रामीण विकास तथा रोज़गार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुशरण गर्नुहुनेछ।(उक्त कार्यविधि यस कार्यालयको वेभसाईटबाट समेत प्राप्त गर्न सकिन्छ।)
- कार्यक्रम छनौट गर्दा रोजगारी सिर्जना हुने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिनुहुनेछ।
- आवश्यकतानुसार चालु कार्यक्रम तर्फ तोकिएको वजेट रकम पूँजीगत कार्यक्रममा खर्च गर्न सकिनेछ तर पूँजीगततर्फ विनियोजित बजेट रकम चालु कार्यक्रममा खर्च गर्न सकिनेछैन्।

प्रदेश सरकार
प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## (बैठक तथा प्रशासन महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७७/७८
च.नं.

- खर्च प्रगति स्पष्ट देखिने गरी मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७७ ले तोके बमोजिमको ढाँचामा प्रतिवेदन पठाउने व्यवस्था गर्नुहुनेछ।(उक्त कार्यविधि यस कार्यालयको वेभसाईटबाट समेत प्राप्त गर्न सकिन्छ।)
- खर्चको लेखापालन तथा लेखापरीक्षण प्रचलित कानून अनुसार गर्नुहुनेछ।
- चालु आ.व.को लागि तोकिएको रकम खर्च हुन नसकेको खण्डमा अनिवार्य रुपमा प्रदेश सञ्चित कोषमा फिर्ता गर्ने व्यवस्था मिलाउनुहुनेछ।

(सुरेन्द्र भण्डारी)
अधिकृत,सातौं

**बोधार्थः**
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ५, बुटवल।